आज मिति २०८० साल मंसिर २६ गते मंगलबार का दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको २५ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्री प्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि क | |
| ८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | श्री हरि बहादुर भुजेल | |

## निर्णयहरु

### निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

### निर्णय नं २

पालिकाको आ व २०८०/०८१को हाल सम्मको आम्दानी रु २५१८२९३४६।८१ भएकोमा चालु निशर्त तर्फ २६८०४०२४।९४ ससर्त अनुदान चालु तर्फ रु ९८०२५७८३ पूँजीगत निसर्त तर्फ १७६७४८०३ ससर्त अनुदान पूँजिगत २६२६९९३ गरि जम्मा खर्च रु १४५१३१६०३।९४ रहेको व्यहोरा जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को नियम ४ र जैमिनी नगरपालिका र नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग समिति बिच मिति २०७७।१०।१२गते भएको समझदारीको बुँदा १को (ख) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लागत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्ने नगर स्तरीय भूमिहीन तथा अब्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिलाई निम्नानुसार पूर्णता दिने निर्णय गरियो ।

२०८०/८/२६

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

क. नगर प्रमुख - संयोजक

ख. नगर उपप्रमुख - उपसंयोजक

ग. सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएका एक एक जना प्रतिनिधिहरु ( सबै दललाई पत्राचार गरि प्रतिनिधि माग गर्ने र प्रतिनिधि प्राप्त भए पश्चात राखे )

घ. कार्यपालिका सदस्यहरु मध्येबाट सदस्यहरु चिन्तामणी दर्जी र शान्ति सुनार

ङ. स्थानीय तहमा क्रियाशिल किसान, सुकुम्बासी, भूमि, बसोबास लगाएतका क्षेत्रमा काम गरिरहेका संघ , संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि कम्तीमा एक महिला र एक दलित सहित ३ जना सदस्य सिताराम रसाईली (दलित तर्फ) जैमिनी -७, यलु थापा (महिला तर्फ) जैमिनी -१०, तिलक थापा ( खुल्ला ) जैमिनी -१

च. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

साथै वडा स्तरमा पनि वडा सहजिकरण समिति गठन गरि एक हप्ता भित्र नगरपालिकामा जानकारी पठाउने निर्णय गरियो ।

निर्णय नं ४

जैमिनी नगरपालिकाको १४ औ नगर सभा मिति २०८०।०९।२३ गते गर्ने र सो को तयारीका लागि विभिन्न विषयगत समितिहरुको बैठकहरु गरि आवश्यक तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिकामा नगर उधम सहजकर्ताको रुपमा कार्यरत कर्मचारीको म्याद असोज मसान्तमा सकिएको तर लघु उधम विकास कार्यक्रम सञ्चालन गर्न बाँकी नै रहेकाले निजहरुको करार म्याद सकिएको मितिबाट नै थप हुने गरि लागु गर्ने र निजहरुले खाईपाई आएको तलब सुविधा लघु उधम विकास कार्यक्रम र अपुग हुने रकम करार सेवा शुल्क शिर्षकबाट खर्च हुने गरि स्रोत सुनिश्चिता हुने निर्णय गरियो ।

२०८०/८/१६

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ६

जैमिनी नगरपालिकामा मिति २०८०।५।११ मा जैमिनी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि दर्ता गरिपाउ भनि चुडामणी शर्माले पेश गरेको माग निवेदन अनुसार जैमिनी नगरपालिकाको (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी व्यवस्था गर्न बनेको ऐन -२०७७ को पहिलो संसोधन अनुसूचि -५ मा व्यवस्था भए अनुसार आवश्यक प्रमाण पुरा भई आएको जैमिनी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि जैमिनी -१ लाई दर्ता गरि (घ) वर्गको निर्माण व्यवसाय गर्ने इजाजत दिने निर्णय गरियो।

निर्णय नं ७

गत आ. ब. ०७९/०८० मा स्वीकृत भई मर्मत सुधार भैरहेका तपसिल अनुसारका सडकहरुको मर्मत संभार गर्ने म्याद २०८० मंसिर मसान्त सम्म कायम हुनेगरी थप भएकोले सो अवधी भित्र भएको कार्यको मूल्यांकन गरी सम्वन्धित निकायमा आवश्यक कागजात सहित पठाउने निर्णय गरियो ।

चालु आ. ब. २०८०/०८१ का लागि निम्नानुसारका सडकहरुको मर्मत सुधार गर्ने गरी वार्षिक कार्यक्रम बनाई स्वीकृतीका लागि सडक बोर्डमा पेश गर्ने निर्णय गरियो ।

तपसिल :

१)कुश्मिसेरा विनामारे जैदी छिस्ती सडक (जैदी छिस्ती खण्ड)

२)कुश्मिसेरा बास्टारी फेदी बनहु बुढिखर्क सडक

३)बिहारथला किटेनी कालाखोला दोबिल्ला सडक

४)कुश्मिसेरा टुनिबोट सडक

साथै सडकहरुमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने चालु तथा गत आ. ब. को साझेदारी रकम चालु आ. ब. २०८०/०८१ को समपुरक कोष शिर्षकवाट निम्नानुसार बिनियोजन गर्ने निर्णय भयो ।

गत आ. ब. दायित्व सिर्जित रकम रु.११२३६२४।-

२०८०/८।२९
... बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

चालु आ. ब.का लागि प्रस्तावित रकम रु. १३५०००० ।—

जम्मा रु.२४७३६२४।-

निर्णय नं ८

बालिका तथा समावेशी शिक्षा, संरक्षण तथा सुरक्षाका अधिकारहरुके प्रवर्द्धन गरी लैङ्गिक हिंसामा कमी ल्याउन र बालिकाले सामना गर्नु परेका शैक्षिक अवरोधहरुको सम्बोधन गर्न र सिकाईलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिन जैमिनी नगरपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरुको आवाज उठाउन स्वतन्त्र सरोकारवाला समूहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्चालनलाई स्थानान्तर गर्न बाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि-२०८० जारी गर्ने निर्णय गरियो ।

निर्णय नं ९

नगरपालिकालाई पुर्ण पोषण तथा खाध्य सुरक्षा कायम गर्न नगरपालिका स्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशक समिति निम्नानुसार रहने गरि पूर्णता दिने निर्णय गरियो ।

क. नगर प्रमुख - अध्यक्ष

ख. नगर उपप्रमुख - उपाध्यक्ष

ग. सबै वडाका वडा अध्यक्ष -सदस्य

घ. नगरपालिकाका महिला सदस्य मध्ये नगर प्रमुखले तोकेका एक जना महिला सदस्य मध्येबाट वडा नं-१ सदस्य झपेन्द्र कुमारी मल्ल

ङ. नगरपालिकाका दलित महिला सदस्य-मध्ये नगर प्रमुखले तोकेका एक जना दलित महिला सदस्य मध्येबाट वडा न ५ सदस्य मिनु विश्वकर्मा

च. पोषण तथा खाध्य सुरक्षा सम्बन्धी कार्यक्रमहरुको योजना तथा कार्यान्वयनको संयोजन गर्न तोकिएको संयोजक सदस्य - कृष्ण प्रसाद ढकाल (पशु शाखा प्रमुख)

नगर कार्यपालिकाको कार्यालय, ...बाग्लुङ २०७३

२०८०/८/२६

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

छ. नगरपालिकाका स्वास्थ, कृषि विकास पशुपन्छी विकास खानेपानी तथा सरसफाई महिला बालबालिका तथा समाज कल्याण शिक्षा सुशासन अर्थ सञ्चार वाणिज्य र आपुर्ति र योजना तथा अभिलेख सम्बन्धी विषयगत ईकाइ निकाय प्रमुख सदस्य

ज. नगरपालिका सामाजिक विकास शाखाको शाखा प्रमुख अधिकृत सातौं-विष्णु प्रसाद शर्मा

झ. नगरपालिका स्तरीय उधोग तथा वाणिज्य संघको प्रतिनिधि सदस्य -पुष्पा शर्मा जैमिनी वडा नं १

ञ. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी सदस्य सचिव अस्पताल नर्सिङ निरिक्षक सुनिता चालिसे

निर्णय नं १०

नगरपालिकालाई मिति २०८२ चैत्र मसान्त सम्म बालमैत्री स्थानीय शासन कायम गर्न लक्ष्य र उदेश्य राखिएकोमा बालमैत्री स्थानीय शासन सञ्चालनको लागि परिच्छेद ६ नियम १६ अनुसार निम्नानुसार बालमैत्री स्थानीय शासन नगर समितिलाई पूर्णता दिने निर्णय गरियो ।

क. प्रमुख अध्यक्ष

ख. उपप्रमुख उपाध्यक्ष

ग. प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ. वडाअध्यक्ष सबै सदस्य

ङ. नगर कार्यपालिका सदस्य सबै सदस्य

च. शाखा प्रमुखहरु शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गैर सरकारी संस्था समन्वय शाखा प्रमुखहरु सदस्य

छ. महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघसंस्था मध्येबाट प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधिहरु मध्ये सदस्य खगिसोरा शर्मा जैमिनी-१ र तारा पुन जैमिनी-३

२०८०/८/२६
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

ज. स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट प्रमुखले मनोनयन गरको १/१ जना प्रतिनिधि सदस्य विद्यालय व्यवस्थापन समिति मध्येबाट जनकल्याण मा वि जैमिनी - ८ छिस्ति र स्वास्थ्य चौकी मध्येबाट पैयु स्वास्थ चौकी व्यवस्थापन समितिका - नरजंग राना

झ. नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंमसेविका मध्येबाट प्रमुखले मनोनयन गरेके १/१ जना प्रतिनिधि सदस्य महिला स्वास्थ्य स्वयमसेविका चित्रा नेपाली वडा नं ४ महिला शिक्षिका मध्येबाट कमला देवि चालिसे जनता मा वि वडा नं ४

ञ. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये प्रमुखले तोकेको महिला प्रतिनिधि १ जना सदस्य डिल कुमारी श्रीस जैमिनी वडा नं १०

ट. नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय प्रमुख १ जना सदस्य

ठ. प्रमुख प्रशासकीय अधिकृत तोकेको अधिकृत कर्मचारी सदस्य सचिव मिस्र देवि शर्मा शिक्षा अधिकृत

निर्णय नं ११

जैमिनी नगरपालिकाको गत आ ब २०७९।८० को वार्षिक अवधिमा सम्पादीत कार्यलाई लिएर तोकिएका सूचकहरुको परिधि भित्र रहि LISA र FRA को मुल्याङ्कन २०८० पौष मसान्त भित्र सम्पन्न गर्नुपर्ने भएकाले सूचकहरु बारे कार्यपालिकामा जानकारी गराई तोकिएको समय भित्र उल्लेखित दुबै शिर्षकको मुल्याङ्कन सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं १२

जैमिनी नगरपालिका वडा नं ४ को निर्णय र पत्रानुसार वडाबाट विभिन्न फूटकर योजना र कार्यक्रम शिर्षकमा विनियोजित रकम रु १५०००० अक्षयरुपी एक लाख पैंचास हजार मात्र वडागत मर्मत संभार कोषमा जम्मा गरि सोहि उपभोक्ता समिति मार्फत कार्यान्वियन गर्न सहमति प्रदान गरियो । साथै वडा नं १ को वडा समितिको निर्णय र

२०८०।८।२६
हरि बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पत्रानुसार वडागत फूटकर योजना तर्फ रु ३००००० अक्षयरुपी तीन लाख विनियोजन भएकोमा निम्नानुसारका क्षेत्रमा विभाजन गरि खर्च गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र स | योजनाको नाम | रकम रु |
|---|---|---|
| १ | कल्लेरी चौतारी तथा पोखरी पुनर्निर्माण र मर्मत योजनामा प्रतिक्षालय निर्माण | ५००००। |
| २ | ठूलोखेत पल्लोटार उपल्लोफाँट सिचाई योजना | ४०००० |
| ३ | कुश्मीसेरा उपल्लो बजार स्वामीको रुख देखि लिचिको बोट मिलनचोक सम्म रेलिङ निर्माण | ९०००० |
| ४ | कुश्मीसेरा बजार स्वामीरुख नाली निर्माण | ६०००० |
| ५ | पल्लोपाखा सामुदायिक विधालयमा खानेपानी व्यवस्थापन | २०००० |
| ६ | खेतको पुछारदेखि नबराजको घरसम्म गोरेटो बाटो निर्माण योजना | ४०००० |

२०८०/८/३६
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२